समृद्ध खाँदवारी नगर

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०६/२८ बैठक संख्याः १२

बैठक प्रारम्भ समयः विहानको ८:३० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

१. यस खाँदबारी नगरपालिकाको कार्यपालिका बैठक र उक्त बैठकका निर्णयहरुमा सर्वसाधारणले समेत राय, सल्लाह, सुझाव दिन पाउने, सहभागिता जनाउने र पत्रकारहरुले समेत सहभागिता जनाउने सुनिश्चित गरी नगरपालिकाको काम कारबाहीलाई सहभागितामूलक, पारदर्शी र विश्वसनीय बनाउनका लागि आगामी कार्यपालिका बैठकदेखि सर्वसाधारण र पत्रकारहरु समेतलाई सहभागि गराउने र उक्त बैठकहरुलाई विभिन्न टेलिभिजन, एफ.एम. तथा अन्य संचार माध्यमहरुबाट प्रत्यक्ष प्रशासरण समेत गर्ने निर्णय गरियो ।

आजको बैठक यहिं अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/०७/३० बैठक संख्याः १३

बैठक प्रारम्भ समयः विहानको ८:३० बजे बैठक समापन समयः बजे

आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।

निर्णयहरु

1. यहि मिति २०७९/०८/०६ गते देखि ११ गते सम्म यस खाँदबारी नगरपालिकाको भगिनी संस्था टाउन अफ सुपेरियर, कोलोराडोका मेयर क्लिन्ट फल्समको नेतृत्वमा यस नगरपालिका भ्रमणको लागि आउने प्रतिनिधिमण्डलको भ्रमणलाई सफलतापूर्वक सम्पन्न गर्न देहाय बमोजिम निर्णय गरियो ।

   क) भ्रमण तयारी समिति निम्नानुसार गठन गर्नेः क) नगर प्रमुख- संयोजक, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा नं. १ र ४ का वडाअध्यक्ष, प्रशासकीय अधिकृत दिनेश कट्टेल र लेखा अधिकृत रुद्रमणी श्रेष्ठ - सदस्य ।

   ख) टाउन अफ सुपेरियर सिटी, कोलोराडोको भ्रमण टोलीका लागि तयार गरिएको २२ नोभेम्बर, २०२२ देखि २७ नोभेम्वर २०२२ सम्मको भ्रमण तालिका पारित गर्ने ।

   ग) भगिनी संस्था टाउन अफ सुपेरियर, कोलोराडोको प्रतिनिधिमण्डल यस नगरपालिकामा भ्रमणमा आउँदा लाग्ने Accomodation बापतको खर्चका लागि विभिन्न प्रायोजकहरु खोज्ने, प्रयोजकहरुले प्रयोजन गरेको रकमले नपुग भएमा बाँकी रकम नगरपालिकाको श्रोतबाट व्यहोर्ने ।

   घ) टाउन अफ सुपेरियर, कोलोराडोबाट मेयरको नेतृत्वमा आउने भ्रमण टोलीलाई भाषागत सहयोगका लागि रामेश्वरी महर्जन शाक्य र तिर्थ पन्तलाई भाषा अनुबादकको रुपमा नियुक्ती गर्ने ।

2. आर्थिक बर्ष २०७९/८० मा यस नगरपालिका क्षेत्रभित्रका खोला नदीहरुबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा, माटो आदी उत्खनन्, संकलन तथा निकासीका लागि मिति २०७९/०४/३१ र मिति २०७९/०६/१२ गरी दुई पटकसम्म राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्दा पनि कुनै व्यक्ती वा फर्महरु बढाबढमा बोलपत्र प्रकृयामा सहभागि नभई ठेक्का लाग्न नसकेको हुनाले उक्त ढुङ्गा, गिट्टी, बालुवा, रोडा, माटो उत्खनन्, संकलन तथा निकासी शुल्क कर्मचारीहरु खटाई अमानतबाट उठाउने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, १ नं. प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/०७/३० बैठक संख्या: १३

बैठक प्रारम्भ समय: विहानको ८:३० बजे बैठक समापन समय: बजे

3. खाँदबारी नगरपालिका क्षेत्रभित्रबाट ढुङ्गा, गिट्टी, बालुवा, रोडा, माटो उत्खनन्, संकलन तथा निकासी तथा यस नगर क्षेत्रभित्र संचालित ठुला तथा महत्वपूर्ण परियोजनाहरुका लागि अस्थायी क्रसरहरुको व्यवस्थापन गर्नका लागि तयार गरी यस कार्यपालिका बैठकमा पेश भएको बालुवा प्रशोधन उद्योग तथा नदीजन्य सामग्री व्यवस्थापन कार्यविधि, २०७९ पारित गर्ने ।

आजको बैठक यहिं अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत